श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन

(Nepal Government Employees' Organization)

केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं

(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

मिति : २०७९/११/२९

प.सं. २०७९/८०

च.नं. ६८

**श्रीमान् अध्यक्षज्यू,**
**नेपाल निजामती कर्मचारी संगठन,**
**सवै जिल्ला/ विभागीय कार्य समितिहरु ।**

विषयः **निर्णय कार्यान्वयन बारे ।**

उपरोक्त सम्बन्धमा मिति २०७९ फागुन १९ र २० गते लुम्बिनी, रुपन्देहीमा सम्पन्न भएको केन्द्रीय कार्य समितिको तेस्रो बैठकले गरेका निर्णयहरु यसै साथ संलग्न गरी पठाइएको छ । बैठकले गरेका निर्णय कार्यान्वयनका साथै निर्देशन पालनाका लागि अनुरोध छ ।

**तपसील**

१) आफ्नो जिम्मेवारीमा रहेका जिल्ला/विभागीय कार्य समितिमा भएका गतिविधिहरुको प्रतिवेदन मासिक रुपमा केन्द्रीय कार्य समितिमा पठाउने ।

२) अनुगमन मूल्यांकन गरी संगठनका गतिविधिलाई व्यवस्थित गर्ने ।

३) आ.व. २०७९/८० को नविकरण तथा नयाँ सदस्यहरुको बिबरण सहितको **"कर्मचारी कल्याण कोष"**मा आवद्धता समेतका विवरण केहि जिल्ला/विभागीय कार्य समितिको प्राप्त हुन बाँकी रहेकोमा उक्त बाँकी रहेका बिबरण तत्काल केन्द्रीय कार्य समितिमा पठाई दिने व्यवस्था मिलाउने ।

४) बाँकी बक्यौता भएमा २०७९ चैत्र मसान्तसम्ममा फरफारक गर्न गराउन विशेष पहल गर्ने ।

५) अधिवेशन हुन बाँकी भएका पालिकाहरुको अधिवेशन २०८० वैशाख मसान्त भित्र सम्पन्न गर्न पहल गर्ने ।

६) केन्द्रीय कार्य समितिको तेश्रो बैठकबाट निर्णय भएका राष्ट्रिय भेला तथा प्रशिक्षण कार्यक्रम लगायतका निर्णयहरु कार्यान्वयनमा तदारुकताका साथ लाग्नु हुन केन्द्रीय पदाधिकारी तथा सदस्यहरु, जिल्ला/विभागीय कार्य समितिका ईन्चार्ज, प्रदेश कार्य समिति, जिल्ला/विभागीय कार्य समितिहरुलाई अनुरोध गरिन्छ ।

जीवन काफ्ले
महासचिव

मिति : २०७९/११/२८

प.सं. २०७९/८०
च.नं. ६९

**श्रीमान् अध्यक्षज्यू,**
**नेपाल निजामती कर्मचारी संगठन,**
**सवै जिल्ला/ विभागीय कार्य समितिहरु ।**

विषय :- **तेस्रो बैठकको निर्णय पठाईएको बारे ।**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको एघारौं महाधिवेशन (२०७८ फागुन २८ देखि ३० काठमाडौं) पश्चातको **"तेस्रो केन्द्रीय बैठक"** अध्यक्ष लेखनाथ कोइरालाको अध्यक्षतामा २०७९ फागुन १९ र २० गते लुम्बिनी, रुपन्देहीमा सम्पन्न भएको छ । उक्त बैठकले गरेका निर्णयहरु सिर्जनात्मक तथा रचनात्मक ढंगले कार्यान्वयन गर्न गराउन हुन आवश्यक जानकारीका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

**निर्णयहरु :**

१. संगठनका महासचिव श्री जीवन काफ्लेबाट प्रस्तुत **"साँगठनिक प्रतिवेदन"** र कोषाध्यक्ष श्री गणेश प्रसाद आचार्यबाट प्रस्तुत **"आर्थिक प्रतिवेदन"**मा प्राप्त राय, सुझाव समावेश गरी पारित गरिएको ।

२. नेपाल सरकारबाट जारी हुने संघीय निजामती सेवा ऐन र प्रदेश सरकारबाट जारी हुने प्रदेश निजामती सेवा ऐन र स्थानीय निजामती सेवा ऐन कर्मचारीमैत्री र ट्रेड युनियनमैत्री बनाई संगठनले दिएका सुझावहरु समाबेश गरी तत्काल जारी गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

३. संगठनको आन्तरिक जीवनलाई क्रियाशील र प्रभावकारी बनाउँदै संगठनलाई सुदृढ र बिस्तार गर्नको लागि तपसिल बमोजिम राष्ट्रिय भेला गर्ने:
   क) जिल्ला/विभागीय कार्य समितिका अध्यक्षहरुको राष्ट्रिय भेला- २०८० जेष्ठ ५ र ६ गते, शुक्रवार र शनिवार ।
   ख) राष्ट्रिय महिला भेला - २०८० जेष्ठ २६ र २७ गते, शुक्रवार र शनिवार ।
   ग) राष्ट्रिय सहकारी भेला - २०८० मंसिर १५ र १६ गते, शुक्रवार र शनिवार ।

४ संगठनको प्रशिक्षण कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न केन्द्र, प्रदेश, जिल्ला/विभागीय, पालिका कार्य समितिहरुको प्रशिक्षण कार्यक्रम देहाय बमोजिम सञ्चालन गर्ने:
   क) प्रशिक्षण लिन बाँकी रहनु भएका केन्द्रीय पदाधिकारी, सचिवालय सदस्य, केन्द्रीय सदस्य, आयोगका पदाधिकारी, सदस्यहरु साथै प्रदेश कार्य समिति, जिल्ला/विभागीय कार्य समितिका अध्यक्षहरुको प्रशिक्षण- २०८० बैशाख महिनाभित्र सम्पन्न गर्ने ।
   ख) जिल्ला/विभागीय कार्य समितिको प्रशिक्षण कार्यक्रम- २०८० जेष्ठ देखि मंसिरभित्र ।
   ग) पालिका कार्य समितिको प्रशिक्षण कार्यक्रम- २०८० पौष देखि २०८१ जेष्ठ भित्र ।

५. संगठनका बैठक तथा कार्यक्रमलाई व्यवस्थित तवरबाट सञ्चालन गर्नको लागि तयार गरिएको **"बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०७९"**को मस्यौदालाई थप छलफल र परिमार्जन सहित पारित गर्न तपशिल बमोजिमको कार्यदल बनाई सचिवालयबाट निर्णय गर्न अख्तियारी प्रदान गर्ने :
   क) उपाध्यक्ष श्री भवानी दाहाल - संयोजक ।
   ख) उप-महासचिव श्री रामचन्द्र अधिकारी - सदस्य ।
   ग) सचिव श्री पुरुषोत्तम रायमाझी - सदस्य ।

६. नेपाल निजामती कर्मचारी संगठन अन्य संगठनहरुसँग एकीकरणको अभियानमा रहेको छ । अन्य संगठनका पदाधिकारी, सदस्य तथा नेता, कार्यकर्ता संगठनको मूलधारमा फर्किसकेका र फर्कने क्रम जारी रहेको सन्दर्भमा निजहरुलाई उपयुक्त समयमा उचित जिम्मेवारीको व्यवस्थापन गर्न आवश्यक भएकोले बिधानको दफा २३(र) बमोजिम केन्द्रीय कार्य समितिमा मनोनयन गर्न सचिवालयलाई अख्तियारी प्रदान गर्ने ।

७. नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको स्वामित्वमा रहेको काठमाडौं महानगरपालिका वडा नं. ३२ पेप्सीकोला टाउन प्लानिङ्गमा रहेको जग्गा भाडामा लगाइएको र केही बर्षदेखि जग्गाभाडा प्राप्त नभएको साथै

सम्झौता गर्ने दोस्रो पक्ष सम्पर्क बाहिर रहेको अवस्थामा कानूनी प्रक्रिया पूरा गर्दै उक्त जग्गा संगठनको नियन्त्रणमा ल्याउन तपसिल बमोजिमका पदाधिकारी तथा सदस्य रहेको समिति गठन गर्ने :

क) उप-महासचिव श्री युवाचन्द्र घिमिरे - संयोजक ।
ख) कोषाध्यक्ष श्री गणेश प्रसाद आचार्य - सदस्य ।
ग) सचिवालय सदस्य श्री ओम बहादुर कठायत - सदस्य ।

८. नेपाल निजामती कर्मचारी संगठनका सदस्यहरुलाई अध्ययन, अनुसन्धान गर्ने वातावरण तयार गर्न एवं दक्ष संगठक उत्पादन गर्न साथै संगठनका ऐतिहासिक दस्तावेजहरु संग्रह गर्नका लागि **"नेगो पुस्तकालय"** निर्माण गर्ने ।

९. नेपाल निजामती कर्मचारी संगठनको छाता संगठन पेसागत महासंघ नेपालको सातौं महाधिवेशन आगामी २०७९ चैत्र २३ र २४ गते काठमाडौंमा हुन गैरहेको सन्दर्भमा महासंघलाई हरेक हिसावले सहयोग पुऱ्याउने र नेतृत्व निर्माणको सम्बन्धमा 'सहमती र सर्वसम्मत' गराउन संगठनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।

१०. निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियनको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको फैसला समेतको अध्ययन गरी क्रियाशील र प्रभावकारी बनाउन संगठनको शक्तिलाई अधिकतम परिचालन गर्ने ।

११. नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको तेस्रो बैठकले माथि उल्लेखित निर्णयहरुका अतिरिक्त तपसिल बमोजिमका विविध प्रस्तावहरु पारित गरिएको:

१. संगठन सुदृढीकरणका लागि **"मिसन पालिका"** अभियान अन्तर्गत अधिवेशन सम्पन्न गर्न बाँकी रहेका पालिकाहरुमा नेपाल निजामती कर्मचारी संगठनको पालिका अधिवेशन मार्फत कार्य समिति निर्माण गरी परिचालन गरिनेछ । **"ट्रेड युनियन अधिकार र पेसागत व्यावसायिकता"** लगायतका विषयमा पालिकास्तरमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने ।

२. नेपाल निजामती कर्मचारी संगठनको हरेक सदस्यले कार्यालयमा पाल्नु हुने सेवाग्राहीलाई अनिवार्य रुपमा **"मुस्कानसहितको सेवा प्रवाह"**को प्रत्याभूति गर्दै शिष्टाचारको रुपमा **"आफैबाट नमस्कार"**गर्ने अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

३. ट्रेड युनियन अधिकारलाई मौलिक हकको रुपमा नेपालको संविधानमा नै स्पष्ट व्यवस्था गराउन निरन्तर पहल गरिनेछ । **निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन**को निर्वाचनको लागि तत्काल मिति तोक्न संगठन नेपाल सरकारसँग जोडदार माग गर्ने ।

४. **"समृद्ध नेपाल, सुखी नेपाली"**को राष्ट्रिय आकांक्षा पूरा गर्न जनताको तीव्र चाहनाको सम्बोधन हुने गरी संगठन **"शीघ्र सेवा-तीव्र विकास"**को लागि सरकारको महत्वपूर्ण सहयात्री बन्न तत्पर रहेको व्यहोरा अनुरोध गर्दै सो अभियान संगठनको तर्फबाट शुरु गरिसकेको व्यहोरा जानकारी गराउँछौं । यस विषयलाई सरकारले अभियानको रुपमा अगाडी बढाउन संगठन जोडदार माग गर्ने ।

५. पेट्रोलियम पदार्थ लगायतका उपभोग्य वस्तुमा भएको मूल्यबृद्धि, कृत्रिम अभाव, भ्रष्टाचार, अनियमितता, खाद्यान्न अभाव, प्राकृतिक स्रोत साधनको अतिदोहन, शान्ति सुरक्षाको खस्कदो स्थिति, वातावरणीय बिनाश, खानेपानीको अभाव जस्ता जनसरोकारका विषय तथा स्थानीय समस्याका बारेमा बहस, पैरवी गर्न नेपाल सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने ।

६. पेसागत महासंघ नेपालको जिल्ला अधिवेशन सम्पन्न हुन बाँकी जिल्लाहरुमा अधिवेशन सम्पन्न गर्न र तोकिएको मितिमा राष्ट्रिय महाधिवेशन सम्पन्न गर्न संगठनले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

७. अस्थायी, ज्यालादारी, करार सेवामा कार्यरत कर्मचारीहरुलाई सेवा सुरक्षाको कुनै सुनिश्चितता नगरी अपमानजनक तवरले सेवाबाट हटाउने र पुनः आफ्ना कार्यकर्तालाई करारमा कामकाजमा लगाउने कार्यको बिरोध गर्दै कार्यसम्पादनका आधारमा साविककै अस्थायी, ज्यालादारी, करार कर्मचारीलाई निरन्तरता दिन विशेष पहल गरिनेछ । अस्थायी, ज्यालादारी, करारमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य सहभागिता गराउन नेपाल सरकारसँग जोडदार माग गर्ने ।

८. संगठनद्वारा सञ्चालित **"कर्मचारी कल्याण कोष"**लाई सदस्यता वितरण तथा नवीकरणको महत्वपूर्ण कार्यक्रमको रुपमा विकास गर्ने ।

९. सरकार परिवर्तनसँग हुने सरुवा आतंक तत्काल रोक्न र सरुवालाई सजाँय मान्ने सोंचलाई परिवर्तन गरी अवसरको रुपमा बिकास गर्न तीनै तहमा कार्यरत कर्मचारीको सरुवालाई वैज्ञानिक, चक्रीय, पारदर्शी र पूर्वानुमानयोग्य हुने गरी व्यवस्थापन गर्न नेपाल सरकारसँग जोडदार माग गर्ने र सो सम्बन्धी स्पष्ट नीति निर्माणमा सहयोग पुग्ने गरी संगठनको तर्फबाट सम्बन्धित सेवाका विज्ञहरुसँग परामर्श गरी प्राप्त सल्लाह, सुझाव नेपाल सरकार समक्ष पेश गर्ने ।

१०. संघीय सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएपछि स्थानीय तहको माग बमोजिम लोक सेवा आयोगको सिफारिसमा स्थानीय तहमा नियुक्ति भएका र लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहमा नियुक्ति पाएपछि पुन: लोक सेवा आयोगको परीक्षा पास गरी संघीय सरकारमा नियुक्ति भएमा त्यस्ता कर्मचारीहरुको सेवा अवधि जोड्ने संगठन नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

११. निजामती सेवा दिवस (भाद्र २२)को अवसरमा कर्मचारीहरुलाई प्रदान गरिने निजामती सेवा पुरस्कारलाई उद्देश्यमूलक र पारदर्शी ढंगबाट कार्यसम्पादन मूल्याङ्कनका आधारमा आधिकारिक ट्रेड युनियन र राष्ट्रियस्तरका ट्रेड युनियनहरुको सहभागितामा सेवा, समूह, उप-समूह अनुसार विभिन्न विधामा उपलब्ध गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउने ।

१२. **कर्मचारी सञ्चय कोष**बाट सञ्चयकर्ताले पाउने ब्याज रकम र ऋण लिएवापत तिर्नुपर्ने रकम बीचको फरकलाई कम गर्दै कर्मचारी सञ्चय कोषबाट प्रदान गरिने कर्जा र अन्य सेवाहरुमा समयानुकूल परिमार्जन गर्न र कर्मचारी संचयकोष तथा नागरिक लगानी कोषबाट अवकाश कोषमा लाग्दै आएको कर घटाउन आवश्यक पहल गर्ने ।

१३. सहकारी ऐन, २०७४ मा पेसाकर्मीले सञ्चालन गरेका सहकारीका लागि लगाइएको विशेष प्रकारका बन्देजहरु ( कर, दोहोरो सदस्यता, प्रतिनिधित्व) सहकारीमैत्री हुने गरी संशोधन गर्न नेपाल सरकार समक्ष माग गर्ने ।

१४. सरकारी सेवाबाट सेवानिवृत्त कर्मचारीको ज्ञान, सीप, कौशलतालाई पूँजिकृत गर्दै समाज र संगठनको श्रीबृद्धिको लागि अधिकतम उपयोग गर्न पहल गर्ने ।

१५. नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सञ्चालित राष्ट्रसेवक सहकारी संस्था लिमिटेडका २३ जिल्लामा सम्पन्न हुन बाँकी साधारण सभा यही २०७९ चैत्र मसान्तभित्र गर्ने कार्यमा सहजिकरण गर्न सम्बन्धित सवै जिल्ला कार्य समितिहरुलाई निर्देशन गर्ने र दर्ता हुन बाँकी महोत्तरी, बारा, पर्सा, सर्लाही, रौतहट, नवलपुर बर्दघाट सुस्ता पूर्व, रुकुम पूर्व, मुगु, र डडेल्धुरा जिल्लामा दर्ता प्रक्रियालाई विस्तार गरी राष्ट्रसेवक सहकारी केन्द्रीय संघ गठन गर्न पहल गर्ने ।

१६. राष्ट्रसेवक सहकारीको कूल सम्पत्ति र दायित्वको सीमाको आधारमा देशैभरी सञ्चालनमा रहेका राष्ट्रसेवक सहकारी सञ्चालन सम्बन्धमा न्यूनतम मापदण्ड तयार गरी शीघ्र कार्यान्वयनमा ल्याउन व्यवस्था मिलाइने ।

१७. **"नेगो एप्स"** मार्फत संगठनको सम्पूर्ण सूचना व्यवस्थित गर्दै एकीकृत सूचना प्रणालीको बिकास गरिनेछ । हाल संगठनका सम्पूर्ण सामाग्री, सुचनाहरु www.negeo.org.np वेभसाईड मार्फत सम्पूर्ण सदस्यहरुलाई जानकारी प्रवाह गरिएको छ ।

१८. नेपाल सरकारले थप केही जिल्लालाई दुर्गम जिल्ला घोषणा गरेको तर राष्ट्रसेवक कर्मचारीहरुलाई दुर्गम भत्ता उपलब्ध नगराएको हुँदा यथाशीघ्र दुर्गम भत्ता दिने व्यवस्थाका लागि संगठन नेपाल सरकारसँग जोडदार माग गर्ने ।

१९. स्वास्थ्य सेवामा रहेको तहगत प्रणाली अनुरुप प्राप्त भएको ग्रेडमा समायोजन ग्रेड थप गरी उपलब्ध गराइयोस् ।

२०. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भई कार्यरत कर्मचारीलाई प्रोत्साहन स्वरुप दिइएको २(दुई) ग्रेड छुट्टै प्रोत्साहन ग्रेडको रुपमा कायम गरी साविकको ग्रेडलाई यथावत राख्न पहल गर्ने साथै प्राविधिक ग्रेड सबै प्राविधिक कर्मचारीले पाउने व्यवस्था गर्न माग गर्ने ।

२१. **"नागरिकसँग नेपाल निजामती कर्मचारी संगठन"**को अभियान सञ्चालनमार्फत सेवा प्रवाह भन्दा भिन्न रुपमा पनि नागरिकसँग नजिक हुने खालका संगठनद्वारा सञ्चालित विपद्मा राहत वितरण तथा बृहत् स्वास्थ्य शिविर, रक्तदान, वृद्धाश्रमहरुमा खाना तथा कपडा वितरण, बृक्षारोपण जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा निरन्तरता दिइने ।

२२. सन् २०२३ को फ्रेबुअरी ५ देखि ७ तारिखसम्म काठमाडौंमा TUI-PS को एसिया प्यासिफिक कन्टीनेन्टल कमिटीको बैठक सम्पन्न भएको छ । उक्त कार्यक्रममा पाँच देशका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । संगठनले अन्तर्राष्ट्रियस्तरका ट्रेड युनियन WFTU, NEHAWU, TUI-PIS, AISGEF लगायत र अन्य बिदेशी भाइचारा ट्रेड युनियनसँग सुमधुर सम्बन्ध कायम राख्न प्रभावकारी ढंगले कुटनीतिक सम्बन्ध बिस्तारलाई निरन्तरता दिइने ।

२३. निजामती कर्मचारी अस्पतालको स्थापना सातै प्रदेशमा गर्न र हाल निजामती कर्मचारी अस्पतालबाट प्रदान गरिने सेवामा निजामती कर्मचारीहरुका लागि छुट्टै ओ.पि.डि. सेवा र बिरामीकक्ष (Bed) को व्यवस्था गर्न र निजामती सेवा नियमावली, २०५० मा रहेको असाध्य रोगको परिभाषामा क्यान्सर, मुटु, मृगौला, किड्नी, हेडइञ्जुरी, पार्किन्सन्स, स्पाईनलइञ्जुरी, सिक्कलसेल एनिमिया र हेमोडायलासिस रोगको प्रकार समेत थप गर्न तथा यस्ता

रोगको उपचारका लागि निजामती अस्पतालमा विशेषज्ञ सेवासहितको सुविधा उपलब्ध गराउन संगठन नेपाल सरकारसँग जोडदार माग गर्ने ।

२४. बजेट वक्तव्यमा सम्बोधन भई कार्यान्यनमा नआएको घर आवास कर्जा र संघीय सरकार तथा केही प्रदेश सरकारले कार्यान्वयन नगरेको आन्तरिक पर्यटन काजको व्यवस्थालाई यथाशीघ्र कार्यान्वयनको लागि जोडदार माग गर्ने ।

२५. १८० दिनभन्दा बढी सञ्चित हुने घर विदाको रकम प्रत्येक वर्ष बैशाख महिनाभित्र भुक्तानी दिने व्यवस्था गरियोस् ।

२६. कर्मचारीहरुलाई आवश्यक पर्ने न्यूनतम क्यालोरी तोकी बहालवाला र सेवानिवृत्त राष्ट्रसेवक कर्मचारी परिवारका लागि **"निजामती कर्मचारी रासनकार्ड"**को व्यवस्था गरियोस् ।

२७. निजामती कर्मचारी अस्पतालको कार्डको आधारमा सबै अस्पतालहरुमा सुलभ उपचारको प्रबन्ध गर्न र निजामती कर्मचारीका सन्ततीको लागि सबै प्रदेशमा निजामती बिद्यालयको विस्तार गर्न जोडदार माग गर्ने ।

२८. योग्यता पुगेका करारमा कार्यरत कर्मचारीका लागि एक पटक उमेरको हद नलाग्ने व्यवस्था गरी लोक सेवा आयोगबाट निश्चित प्रक्रिया पूरा गरी स्वीकृत दरबन्दीभित्र रहि स्थायी गर्नका लागि पहल गरियोस् ।

२९. सेवारत श्रेणी बिहिन कर्मचारीहरुलाई छैठौं तहसम्मको स्तरवृद्धिको व्यवस्था र छैठौं तहमा ७(सात) ग्रेडसम्म तलब बृद्धि हुने व्यवस्था हुनुपर्ने ।

३०. कर्मचारीसँग सम्बन्धित निकायहरु निजामती कर्मचारी अस्पताल, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता कर्मचारी सरोकारित निकायहरुमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्वको सुनिश्चितता गरियोस् ।

३१. कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुगत सूचकमा आधारित बनाई सेवा, सुविधा, वृत्ति, विकास, दण्ड जरिवाना र पुरस्कारमा प्रत्यक्ष आबद्धता खोजियोस् ।

३२. कर्मचारी निलम्बन भई लामो समयपछि फुकुवा भएमा निजले पाउने आधा महिनाको तलब बराबरको हुन आउने पारिश्रमिक रकममा एक वर्षको आय मानी कर हिसाब हुँदा ३६(छत्तीस) प्रतिशतसम्म कर तिर्नुपर्ने अवस्था रहेकोले सो आयलाई प्रत्येक वर्षको आम्दानी मानी कर गणना गरियोस् ।

३३. निजामती सेवामा श्रम बजारका उत्कृष्ट प्रतिभालाई आकर्षण र टिकाउने कार्यक्रम ल्याउन संगठन नेपाल सरकारसँग जोडदार माग गर्ने ।

३४. उच्चस्तरीय तलब सुविधा आयोगलाई आधारभूत तहका कर्मचारी तहका कर्मचारीहरुको न्यूनतम तलबमान ४० (चालीस) हजार कायम हुने गरी संगठनले बुझाएका सबै सुझाव समेटी नेपाल सरकारलाई प्रतिवेदन बुझाउन अनुरोध गरेकोमा आयोगको मिति २०७९ फागुन २० गते नेपाल सरकारलाई प्रतिवेदन बुझाएको विषयमा संगठनको गम्भिर ध्यानाकर्षण भएको छ । उक्त प्रतिवेदन तत्काल सार्वजनिक गरी कर्मचारीहरुका सुविधाका विषयमा सरोकारवाला निकायसँग थप छलफल गरी उक्त प्रतिवेदन आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तव्यबाट कार्यान्वयनमा लान जोडदार माग गर्ने ।

३५. विश्वव्यापी रुपमा देखिएको आर्थिक मन्दीको कारण नेपालको अर्थतन्त्रका क्षेत्र व्यापार, रोजगारी, पर्यटन, विनिमय, बैदेशिक मुद्राको संचिति लगायतमा परेको प्रभावलाई न्यूनीकरण गर्न नेपाल सरकारले अर्थविज्ञ र सरोकारवालाको सहभागितामा बिशेष सम्मेलनबाट तत्काल सुधारको नीति लिन जोडदार माग गर्ने ।

३६. आर्थिक रुपमा सक्रिय जनसंख्या देशबाट बाहिरिनेक्रमलाई रोक्न स्वदेशमा रोजगारी सिर्जना गर्ने दीर्घकालीन रणनीति तयार गर्न नेपाल सरकारसँग संगठन जोडदार माग गर्ने ।

३७. नेपालको संविधानको धारा ८४ र १७६ मा व्यवस्था गरिएको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन प्रणालीमा भएको त्रुटीका कारण संघ र प्रदेशका सरकारहरु पटक पटक परिवर्तित भइरहँदा राष्ट्रको शासकीय प्रणाली अस्थिर हुने र राज्यले लिएको लक्ष्य कल्पनामा मात्र सीमित रहने भएकोले विद्यमान निर्वाचन प्रणालीमा सुधार गर्ने विषयमा गम्भीर बन्न संघीय र प्रदेश सभा, राजनीतिक दल, नागरिक समाज लगायत सरोकारित सबैमा जोडदार माग गर्ने ।

३८. संघीय निजामती सेवा ऐन हालसम्म जारी हुन सकेको छैन् । प्रदेश सरकारहरुले प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन क्रमशः जारी गरिरहेका छन् । प्रदेश सरकारबाट जारी भएका ऐनहरुमा सेवा गर्ने उमेरहद साठी वर्ष, निश्चित अवधिमा तहवृद्धि, प्रमुख प्रशासकीय अधिकृत र प्रदेश मन्त्रालयका सचिव नियुक्ति लगायतका व्यवस्थाले संघीय सरकार र प्रदेश सरकार बीच द्वन्द बढ्ने, समायोजन भएका कर्मचारीको सेवा सुविधामा समेत

अन्यौलता सिर्जना भएको हुँदा संघीय निजामती सेवा ऐन तत्काल जारी गर्न र सोही अनुरुप प्रदेश र स्थानीय सेवा ऐनमा संशोधन गर्न संगठन सम्बन्धित पक्ष र नेपाल सरकारसँग जोडदार माग गर्ने ।

३९. खाद्यान्न निर्यात गर्ने देशको रुपमा रहेको नेपाल हाल ठूलो मात्रामा आयात गर्ने देशको रुपमा परिणत भएको छ । किसानहरुले समयमा मल, बिउ बिजन, कीटनाशक औषधी, यान्त्रिक उपकरण, प्राविधिक सल्लाह समेत समयमा पाउन सकेका छैनन् । कृषियोग्य जमिन बाँझो राख्ने, प्लटिङ गर्ने क्रम बढ्दो छ । बर्तमान अर्थतन्त्रको खस्कदो अवस्थामा भरथेग गर्न, आयातलाई प्रतिस्थापन गर्न, कृषिमा आत्मनिर्भर बन्न बाँझो जग्गामा सामूहिक खेतीका लागि स्थानीयस्तरमा रहेको विभिन्न पार्टीका युवा संगठन, शिक्षक, कर्मचारी, प्रहरी, नेपाली सेना अन्य संघ संस्था लगायतलाई स्वैच्छिक सेवामा प्रयोग गरी उत्पादन बृद्धि गर्ने नीति बनाउन संगठन सम्बन्धित निकायहरुसँग जोडदार माग गर्दछ । साथै साना, मझौला किसान र स्वदेशी संस्था, समूहबाट उत्पादित कृषि उपजको बजार व्यवस्थापनको सुनिश्चितता गर्न नेपाल सरकारसँग जोडदार माग गर्ने ।

४०. संविधान र कानून विपरीत राष्ट्र, राष्ट्रियता, धर्म संस्कृतिमा आँच आउने, सभ्य समाज र संस्कृति माथि प्रहार हुने गरी समाज बिरोधी गतिविधि तथा हत्या, हिंसा, बलात्कारका घटनाबाट देशको सार्वभौमिकता, सद्भाव र सहिष्णुतामा खलल परेको र व्यक्तिको जीवन बर्बाद गर्ने गरी नियोजित रुपमा फसाउने गरी गराइएको घटनाबाट विकसित भएका अपराधिक मनोवृत्तिलाई नियन्त्रण र निरुत्साहित गर्न संगठन जोडदार माग गर्ने ।

अन्त्यमा, हामी ११औं महाधिवेशनले दिएको कार्यभार अन्तर्गत केन्द्रीय कार्य समितिको तेस्रो बैठकले पारित गरेका कार्यनीति तथा कार्यभारहरुको कार्यान्वयनको जिम्मेवारी पूरा गर्ने अभियानमा छौं । केन्द्रीय कार्य समितिको तेस्रो बैठकले गरेका महत्वपूर्ण निर्णयहरु कार्यान्वयनको लागि आफु र आफु मातहतका प्रदेश, जिल्ला/विभागीय कार्य समिति तथा सम्पूर्ण संगठक मित्रहरुलाई यसै परिपत्र मार्फत जानकारीका लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

.........................

पदम बहादुर शाही

कार्यालय सचिव